श्री उच्च सरकारी वकील कार्यालय, जुम्ला का नि.सह-न्यायाधिवक्ताको अध्यक्षतामा यस उच्च सरकारी वकील कार्यालय समन्वय समीतीको आज मिति २०८३-०३-०३ गते वुधवारको दिन वैठकले निम्न विषयमा छलफल एवं निर्णय गरियो ।

<u>उपस्थिति</u>

१. नि.सह-न्यायाधिवक्ताः- श्री नविन कुमार भट्ट
२. प्रमुख जिल्ला अधिकारीः-श्री दीपक पौडेल
३. प्र.ना.उ.:- श्री चिरञ्जीवी दाहाल
४. ना.सु. श्रीः- श्री सुरेश न्यौपाने

<u>आमन्त्रीत</u>

१. नि. रजिष्टार, श्री सुशीला पाण्डे
२. नि. जिल्ला न्यायाधिवक्ता, श्री हिरालल भोलन
३. वन अधिकृत, श्री भरत बहादुर बुढथापा
४. नापी अधिकृत, श्री नविन राज भट्ट
५. खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन प्रमुख, श्री सुवास तिमिल्सिना
६. नि. मालपोत अधिकृत, श्री मोहन विष्ट
७. कम्प्यूटर अपरेटर, श्री समिर चौधरी
८. स.ले.पा. श्री दल बहादुर बुढथापा
९. कार्यालय सहयोगी श्री कृष्णा प्र. प्याकुरेल
१०. कार्यालय सहयोगी श्री बविता खत्री
११. कार्यालय सहयोगी श्री नन्दा भण्डारी (महत)

<u>छलफलका विषयवस्तुहरु</u>

१. Digital Evidence को Writing सम्बन्धी

२. Call Detail विश्लेषण सम्बन्धी

३. रिट निवेदनको लिखित जवाफ लेखनमा समन्वय गर्ने सम्बन्धमा

४. सरकारी जग्गा तथा सार्वजनिक सम्पत्ति

प्रस्ताव नं. १ माथि छलफल गर्दा

हाल अनुसन्धान एवं अभियोजनको महत्त्वपूर्ण पाटोको रुपमा रहेको CCTV Footage वा अन्य Video फोटोहरुले महत्त्वपूर्ण प्रमाणको स्थान ग्रहण गरिरहेका छन्। यस्ता प्रमाणहरूलाई अनुसन्धान अधिकृतहरुले अभियुक्तको बयानको क्रममा सनाखत सम्म गराउन गरेको भएतापनि त्यो Video प्रमाणहरुको बहस गर्दा पुनरावेदन गर्दा वा अदालतले प्रमाण ग्रहण गर्ने क्रममा व्यक्तिको पहिचानको समस्या हुने गरेको हुँदा त्यस्ता प्रमाणहरुलाई लिपीवद्ध गर्ने प्रणालीको विकाश गर्ने । Sample collection लाई उचित विधि बाट गर्ने ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा

अनुसन्धानको क्रममा Call विवरणहरु लिने गरिएको भएतापनि सबै अनुसन्धानहरुमा त्यसको विश्लेषण राख्ने गरेको नपाईदा सो विश्लेषण प्रतिवेदन अनिवार्य रुपमा राख्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा

सवैधानिक एवं कानूनी व्यवस्था अन्तर्गत दायर भएका रिट सम्बन्धी निवेदनको लिखित जवाफमा विपक्षी बनाइएका निकायहरुबाट लिखित जवाफ पेश गर्दा निवेदनको खण्डन गर्ने विषय स्पष्ट रुपमा खुलाई संम्बद्ध कागज प्रमाण सहितको लिखित जवाफ र बहस फाईल तयार गरि समयमा नै उपलब्ध गराउने गरि निर्देशित गर्ने र सो लिखित जवाफ तयार गर्दा सरकारी वकील समक्ष अनिवार्य समन्वय गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा

सरकारी जग्गा तथा सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको दायित्त्व रहेको तर्फ सचेत रही सरकारी तथा सार्वजनिक सम्पत्ति सम्बन्धमा परेका मुद्दा तथा विवादका विषयमा आपसी रुपमा समन्व्य गरी आफ्नो तर्फबाट बलियो रुपमा न्यायीक भूमिका निर्वाह गर्ने ।